# हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड

**लैनचौर-२६, काठमाण्डौं, फोन : ९७७-०१-४५२४४६५**

Email : info@hathwaynepal.com.np, Website: https://www.hathwaynepal.com.np


## सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

यस लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गरिने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ(संस्था, फर्म वा कम्पनीहरुले यस लिमिटेडको केन्द्रीय कार्यालय, लैनचौर काठमाडौंमा सम्पर्क गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेस गर्नुहुन आह्वान गरिन्छ । लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्नानुसार छ ।

**क) सवारी साधनको विवरण**

| सि.न. | सवारी किसिम | सवारी न. | सवारी साधन रहेको स्थान | परिमाण |
|---|---|---|---|---|
| १ | Hyundai I 20 Active | BAB 5765 | का.म.न.पा २६ लैनचौर, काठमाण्डौं । | १ |

**ख) शर्तहरु :**

१. पेश गरिएको बोलपत्रमा सकार गर्न चाहेको सवारी साधनको विवरण, कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी सिलबन्दी गरी दाखिला गर्नु पर्नेछ । फोटोकपी गरी पेश गरिएका बोलपत्र मान्य हुने छैन ।

२. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम यस कम्पनीको नाममा ग्लोबल आईएमई बैंक लिमिटेड, पानीपोखरी शाखामा कायम रहेको खाता नं ०३३०१०१००००५३३ मा जम्मा गरेको सक्कल भौचर समेत संलग्न गर्नुपर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र पेश गरी दर्ता गराउनु पर्नेछ । म्याद नाघी आएका र रीत नपुगी प्राप्त भएका बोलपत्रहरु मान्य हुने छैन ।

४. अस्विकृत बोलपत्रको धरौटी रकम बोलपत्र अस्विकृत भएपछि फिर्ता गरिनेछ र सो रकममा कुनैपनि ब्याज प्रदान गरिने छैन ।

५. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्विकृत/अस्विकृत बारे कम्पनीबाट टुङ्गो नलागेसम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन । इन्कार गरेमा धरौटी बापतको रकम स्वतः जफत हुनेछ । सबैभन्दा धेरै रकम कबोल गर्ने बोलपत्रदातालाई सवारी साधन बिक्रि गरिनेछ ।

६. बोलपत्रदाताले बोलपत्र स्विकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गरी सक्नुपर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी बापतको रकम जफत हुनेछ । सकार गरी लिंदा लाग्ने सम्पूर्ण सरकारी दस्तुर, कर, शुल्क बोलपत्रदाता आफैंले व्यहोर्नु पर्नेछ ।

७. बोलपत्र स्विकृत तथा अस्विकृत गर्ने सर्वाधिकार कम्पनीमा निहित रहने छ ।

८. यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालयको फोन नं ०१-४५२४४६५ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**ग) निवेदन संग संलग्न गर्नुपर्ने कागजातहरु :**

| व्यक्तिको हकमा | संस्थाको हकमा |
|---|---|
| नागरिकता प्रमाणपत्रको प्रतिलिपि | १) फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाण-पत्र, २) स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्र, ३) कर चुक्ता प्रमाण-पत्र |